# जीवित ख्रीष्ट

## प्रेरितहरूका गवाही

### पछिल्ला दिनका सन्तहरूको येशु ख्रीष्टको चर्च

जब हामी येशु ख्रीष्टको जन्मको दुई हजार वर्ष बितेको स्मरण गर्दछौं, हामी उहाँको अतुलनीय जीवन र उहाँको महान् प्रायश्चित्तको बलिदानको असीमित धर्मका लागि हाम्रो गवाही समर्पण गर्दछौं । यस पृथ्वीमा बाँचेका र अझैं बाँच्ने कुनै पनि व्यक्तिले मानिसहरू माथि यस्तो प्रभाव व्युत्पन्न गरेका छैनन् ।

उहाँ पुरानो करारको महान् यहोवा र नयाँ करारको मसीहा हुनुहुन्थ्यो । उहाँका पिताको निर्देशनमा उहाँ यस पृथ्वीको निर्माणकर्ता हुनुभयो । "सबै थोक उहाँबाटै बनाइयो, र बनाइएको कुनै एक थोक पनि उहाँ विना बनाइएन" (यूहन्ना १:३) पापमुक्त हुनुभएतापनि, उहाँले सबै धार्मिकता पूरा गर्न बप्तिस्मा लिनुभयो । उहाँले "सुकर्म गर्दै हिड्नुभयो" (प्रेरित १०:३८), तर पनि उहाँलाई यसका लागि घृणा गरियो । उहाँको सुसमाचार शान्ति र भक्तिको एउटा सन्देश थियो । उहाँले सबैलाई आफ्नो आदर्श पछ्याउनका लागि बिन्ती गर्नुभयो । उहाँले प्यालेस्टाइनका बाटाहरूमा बिरामीलाई निको पार्दै, अन्धोलाई देख्ने तुल्याउँदै र मृतकलाई जिउँदो बनाउँदै हिड्नुभयो । उहाँले अनन्तकालको सत्यता, हाम्रा पारलौकिक जीवनका यथार्थ, पृथ्वीमा हाम्रो जीवनको उद्देश्य र आउने जीवनमा परमेश्वरका छोरा र छोरीहरूका लागि सम्भाव्यताका बारेमा सिकाउनुभयो ।

उहाँले प्रभु भोजको विधि आफ्नो महान् प्रायश्चित्तको बलिदान सम्झाउनका निम्ति शुरूवात गर्नुभयो । उहाँलाई गिरफ्तार गरियो र गलत अभियोगका लागि अपराधी प्रमाणित गरियो, मानिसहरूका भीडलाई चित्त बुझ्ने किसिमले दोषी ठहऱ्याइयो र क्याल्भरीको डाँडामा क्रूसमा झुण्ड्याएर मार्ने घोषणा गरियो । सबै मानव जातिका पापहरूको प्रायश्चित्त गर्नका लागि उहाँले आफ्नो जीवन दिनुभयो । यस पृथ्वीमा बस्ने हरेक व्यक्तिका लागि उहाँको उपहार एउटा महान् उपहार थियो ।

हामी गम्भीरतापूर्वक गवाही व्यक्त गर्दछौं कि उहाँको जीवन, जुन सबै मानव इतिहासको केन्द्रबिन्दु हो, न त बेत्लिहेमबाट नै शुरू भएको थियो न क्याल्भरी मै गएर सकिनेछ । उहाँ परमपिताको पहिले जन्मेको मासुको एक मात्र शारीरिक पुत्र, सँसारका मुक्तिदाता हुनुहुन्थ्यो ।

उहाँ चिहानबाट "पहिलो फल हुन मरेकाहरूबाट" बिउँतनुभयो (१ कोरिन्थी १५:२०) । बिउँतिएको परमप्रभु हुनुभएकाले, उहाँले जीवनामा माया गर्नुभएका मानिसहरू सबैलाई भेटर्नुभयो । उहाँले प्राचीन अमेरिकामा पनि आफ्ना अरू भेडाहरू बीच सेवा गर्नुभयो । (यूहन्ना १०:१६) । यस आधुनिक सँसारमा, उहाँ र उहाँका पिता युवक जोसेफ स्मिथ सामु पूर्व करारअनुसार समयको पूर्णताको प्रबन्धमा (एफिसी १:१०) प्रकट हुनुभयो ।

जीवित ख्रीष्टका बारेमा अगमवक्ता जोसेफले लेख्नुभयो कि उहाँका आँखाहरू आगोको ज्वाला सरी थिए, उहाँका शिरका रौंहरू शुद्ध हिउँ झैं सेता थिए, उहाँको आकृति सूर्यको चमकभन्दा माथि चम्किन्थ्यो र उहाँको आवाज पानीको बेगबाट आएको आवाज झैं सुनिन्थ्यो, यहोवाको स्वरले पनि भन्नुहुँदै थियो कि उहाँ नै पहिलो र अन्तिम हुनुहुन्छ, कि उहाँ जीवित हुनुहुन्छ, कि उहाँलाई मारिएको थियो र उहाँले परमपितासँग हाम्रो वकालत गर्नुहुन्छ (सि र क ११०: ३---४ हेर्नुहोस्) ।


अगमवक्ताले यसो पनि भनेका छन् कि मुक्तिदाताका बारेमा धेरै गवाही व्यक्त गरेपछि आफूले अन्तमा यो गवाही व्यक्त गरे कि मुक्तिदाता जीवित हुनुहुन्छ । किनभने अगमवक्ताले उहाँलाई परमेश्वरको दायाँ हातमा देखे र एउटा आवाजले उहाँ परमपिताको एक मात्र शारीरिक पुत्र हुनुहुन्छ भनेर अभिलेख व्यक्त गरेको सुने - कि उहाँद्वारा र उहाँबाट र उहाँमार्फत् सँसारहरू सृष्टि भयो र भएका छन् र यहाँ बसोवास गर्ने मानिसहरू परमेश्वरका शारीरिक छोरा र छोरीहरू हुन् (सि र क ७६:२२-२४ हेर्नुहोस्) ।

हामी गंभीरतापूर्वक भावहरू व्यक्त गर्दछौं कि उहाँको पादरित्व र उहाँको चर्च यस पृथ्वीमा पुन:स्थापना भएका छन् ....... "प्रेरितहरू र अगमवक्ताहरूको जगमाथि स्थापना गरीकन येशु ख्रीष्ट आफैं चाहिँ मुख्य कोसे ढुंङ्गा बनिनुभएको छ" (एफिसी २:२०) ।


हामी गवाही व्यक्त गर्दछौं कि उहाँ कुनै दिन पृथ्वीमा फर्कनुहुनेछ । "अनि परमप्रभुको महिमा प्रकट गरिनेछ र सारा प्राणीले उहाँलाई एकैसाथ देख्नेछन्" (यशैया ४०:५) । उहाँले राजाको राजा र परमप्रभुको परमप्रभु भएर शासन गर्नुहुनेछ र हरेक घुँडा टेकिनेछन् र हरेक जिब्रो उहाँको आराधनाका लागि खोलिने छन् । हामी हरेक व्यक्ति उहाँबाट निसाफ पाउन उभिनेछौं र हाम्रा काम र हाम्रा मनका इच्छा आकाङ्क्षा अनुसार निसाफ गरिनेछ ।


परमेश्वरको अविनाशी पुत्र येशु जीवित ख्रीष्ट हुनुहुन्छ भन्ने गवाही हामी उचित तरिकाले नियुक्त गरिएका प्रेरितहरूको नाताले व्यक्त गर्दछौं । उहाँ महान् राजा इमेनुएल हुनुहुन्छ, जो आज आफ्नो पिताको दाहिने हातमा उभिनुहुन्छ । उहाँ सँसारको ज्योति, जीवन र आशा हुनुहुन्छ । उहाँको मार्गले यस जीवनमा खुसी ल्याउने र आउने सँसारमा अनन्त जीवन प्राप्त गर्ने मार्गतर्फ डोऱ्याउँदछ । हामी परमेश्वरलाई उहाँको अलौकिक पुत्र जो अतुलनीय हुनुहुन्छ, उहाँका निम्ति धन्यवाद अर्पण गर्दछौं ।

प्रमुख अध्यक्षता



बान्ह चेलाका कार्यगण





जनवरी १, २०००

पछिल्ला दिनका सन्तहरूको

# येशु ख्रीष्टको

चर्च

NEPALI

36299 372

© 2000 by Intellectual Reserve, Inc. सर्वाधिकार सुरक्षित संयुक्त राज्य अमेरिकामा प्रकाशित । अंग्रेजी अनुमोदन 12/99/ अनुवाद अनुमोदन 12/99
The Living Christ: The Testimony of Twelve Apostles, Nepali 36299 372 Printed in USA